# किनारको किनारै

भवानी अधिकारी
मणिपुर, भारत

8974545796

हामी छँदा छँदै पनि छैनौं।
मूल स्रोत भित्र पस्ने लालसा त छ,
पस्ने आँट छैन।
पर बाट हेर्छौं
हेर्नु नै आफ्नो उपस्थिति ठान्छौं।
मूल स्रोत हुन त सँगै बग्नु पर्छ,
ठोक्किनु पर्छ, पल्टिनु पर्छ।
खडेरीमा बालुवामा बिलाउनु परे,
बिलाउने शक्ति चाहिन्छ।

वर्खा भेलमा,
ठाउँ छोडी फोहोर मैला सोहोर्दै
बाटा घाटा बिर्नै
कुद्न सक्नु पर्छ।

मूल स्रोत संग
दुखी रहेका हुन्छौं हामी।
हामी आफैं मूल स्रोतको
भावना बोक्न सकी रहेका हुन्नौं,
हामी यसरी हर कोणबाट
विश्वका कुनै परिवेशमा पनि
अलग-थलग रही
किनारको किनारै
उभिई रहेका हुन्छौं।

— x —